# नेपाल राष्ट्र बैंक

मौद्रिक व्यवस्थापन विभाग

**बिक्री एजेन्टको इजाजतपत्र नवीकरण गर्ने तथा नयाँ इजाजत पत्र सम्बन्धी सूचना**

नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभागले प्रचलित कानूनको अधिनमा रही नेपाल सरकारको तर्फबाट विभिन्न प्रकारका ऋणपत्रहरु निष्कासन गरी आन्तरिक ऋण उठाउने कार्य गर्दै आइरहेको क्रममा वैदशिक रोजगार बचतपत्रको प्राथमिक बजार कारोबार मात्र गर्न नेपाल राष्ट्र बैंकले "बिक्री एजेन्ट सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन २०७९) जारी गरी विभिन्न संस्थाहरुलाई बजार निमार्ताको इजाजतपत्रहरु प्रदान गर्दै आएकोमा उक्त इजाजतपत्रहरुको नवीकरण गर्न इच्छुक संस्थाहरुले इजाजतपत्रको बहाल अवधि समाप्त हुन १५ दिन अगावै तथा नयाँ इजाजतपत्र लिन इच्छुक संस्थाहरुले निम्न कागजातहरु संलग्न गरी यस विभागमा आवेदन दिन निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

(१) आवश्यक कागजातहरु

(क) यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट विप्रेषण कारोबार गर्न प्रदान गरिएको इजाजतपत्रको प्रतिलिपि ।

(ख) विदेशी कम्पनी तथा देशसँग भएको रेमिट्यान्स कारोबारसम्बन्धी सम्झौता पत्रको प्रतिलिपि ।

(ग) नयाँ इजाजत पत्र लिन दस्तूर वापत रु. ५,०००।- र नवीकरणको लागि दस्तुर वापत रु.२,५००।- नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागमा रहेको यस बैंकको खाता नं. १२०००००-०३०-०१२-५२४ मा बुझाएको भौचरको सक्कल प्रति ।

(घ) नवीकरण गर्नेको हकमा यस विभागबाट यस अघि प्रदान गरेको बिक्री एजेन्टको इजाजतपत्रको सक्कल प्रति ।

(ङ) समयमै नवीकरणको लागि आवेदन नदिएमा बिक्री एजेन्ट सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन २०७९) मा व्यवस्था गरे अनुसार हुने ।

(२) नयाँ इजाजतपत्र लिन आवश्यक कागजातहरु संलग्न गरी जुन सुकै समयमा पनि यस विभागमा निवदेन दिन सक्ने ।

(३) नयाँ इजाजतपत्र तथा नवीकरण ३ (तीन वर्ष) को लागि हुनेछ ।

(४) नयाँ इजाजत तथा नवीकरण गर्दा बिक्री एजेन्ट सम्बन्धि कार्यविधि, २०७६ (पहिलो संशोधन २०७९) अनुसार हुने र इजाजत प्राप्त संस्थाहरुले सो कार्यविधि, बचतपत्र सम्बन्धि सबै नीति नियमहरु र सो सम्बन्धि भविष्यमा हुने अन्य व्यवस्थाहरु समेत पूर्ण रुपमा पालन गर्नु पर्नेछ ।

पुनश्चः- थप जानकारीको लागि लागि नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभाग, बालुवाटार, फोन नं. ४४१९८०४ Ext ८३५ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।